# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

१ नं.प्रदेश, नेपाल


पत्र संख्या:०७५।०७६
चलानी नं.: ६०९

मितिः२०७५।६।१५

सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाको ओखलढुंगा २०७३

**बिषय** : कार्यान्वयन गर्ने वारे ।

श्री वडा कार्यालय १२ वटै,
सिद्धिचरण नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
ओखलढुंगा ।

प्रस्तुत बिषयमा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको सामाजिक सुरक्षा सञ्चानल कार्यविधि, २०७५ को दफा ९ को (२), (३), (४) र (५) ले सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेकोले उल्लेखित व्यवस्था कार्यान्वयन गर्न जानकारी गराईन्छ ।

(२) नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्था वा नेपाल सरकारसँग सम्बन्ध स्थापित भएका मित्रराष्ट्र वा तिनका निकायबाट मासिकरुपमा तलब, भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाईरहेको व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता पाउने छैनन् ।

(३) कुनै बालबालिकाको आमा वा बाबु मध्ये कुनै एक सरकारी वा औपचारिक सेवामा कार्यरत भएमा वा कुनै व्यवसाय दर्ता गरी संचालन गरिरहेको भएमा यो भत्ता प्राप्त हुने छैन ।

(४) उपदफा (२) र (३) बमोजिम भए नभएको सम्बन्धमा दर्ता वा नविकरणका लागि दिइएको निवेदनमा निवेदकले स्वघोषणा गर्नु पर्नेछ ।

(५) उपदफा (२) को व्यवस्था विपरित कसैले दोहोरो हुने गरी भत्ता पाएको जानकारी हुन आएमा मासिक तलब, भत्ता वा पेन्सन प्रदान गर्ने कार्यालयमा सो सुविधा तत्काल रोक्का गर्न पत्रचार गरी सामाजिक सुरक्षा भत्ता समेत रोक्का गर्नु पर्नेछ ।

......................
(नइन्द्रराज राई)
शाखा अधिकृत

नइन्द्र राज राई
शाखा अधिकृत